

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौं २१ गते शुक्रबार ❑ 6 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## पर्यटन क्षेत्रका समस्याबारे मन्त्रीलाई ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

पोखरा पर्यटन परिषद्ले पर्यटन क्षेत्रका समसामयिक समस्याका सम्बन्धमा गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्रीलाई ध्यानाकर्षण गराएको छ ।

प्रदेशका नवनियुक्त मन्त्री मित्रलाल बस्याललाई परिषद्का अध्यक्ष तारानाथ पहारी नेतृत्वको टोलीले बिहीबार मन्त्रालयमा एक समारोहकाबीच बधाई तथा शुभकामना व्यक्त गर्दै विद्यमान समसामयिक समस्याबारे ध्यानाकर्षण गराएको हो । मुलुकको अर्थतन्त्रले अपेक्षित सकारात्मक गति लिन नसक्दा त्यसको प्रत्यक्ष असर पर्यटन क्षेत्रमा परेको परिषद्ले जनाएको छ । बढ्दो महँगी, दक्षजनशक्ति पलायन, करको वृद्धि, बैंकको अस्थिर ब्याजदर, झन्झटिलो दर्ता नवीकरण प्रक्रियालगायत कारण व्यवसायी विस्थापित हुनुपर्ने अवस्था विद्यमान रहेको अध्यक्ष पहारीले बताउनुभयो । पोखरा जोड्ने सडकको दूरावस्था, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर र्राष्ट्रिय उडान सञ्चालन नहुनु, भारतीय रुपैंयाको सहज सटहीमा समस्या, करका दरमा वृद्धिलगायत गम्भीर समस्याको मारमा पर्यटन व्यवसाय परिरहेका उहाँले उल्लेख गर्नुभयो ।



परिषद्ले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानका लागि पहल गर्न माग गर्दै तत्कालका लागि नेपाल एअरलाईन्सले कम्तीमा हप्तामा तीन अन्तर्राष्ट्रिय उडान छिमेकी देशका गन्तव्यमा गर्न अनुरोध गरेको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट विभिन्न एअरलाईन्सले काठमाडौँका लागि मात्र उडान गरिरहेको उल्लेख गर्दै परिषद्ले निजी एअरलाईन्सले पनि अन्तर-प्रदेशीय उडान सेवा अनिवार्य दिनुपर्ने व्यवस्था गर्दै सबै प्रदेशसँग सिधा उडान तथा सीमा क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्न उडान भर्नुपर्नेमा अध्यक्ष पहारीले जोड दिनुभयो । सञ्चालनमा रहेका र दर्ता प्रक्रियामा रहेका होटललाई वातावरणीय अध्ययनका नाममा गरिएको कानुनी व्यवस्थाले व्यवसायी विस्थापित हुने अवस्था सिर्जना भएको भन्दै त्यसलाई समाधान गर्न आग्रह गरिएको उहाँले बताउनुभयो । पर्यटन व्यवसायलाई पनि उद्योग सरह मान्यता दिनुपर्ने, गुणस्तरीय सडक सञ्जालको चाँडो निर्माण सक्नुपर्ने, तालतलैयाको संरक्षणसँगै जलपर्यटनका गतिविधिलगायत माध्यमबाट पर्यटकको बसाइँ लम्ब्याउनुपर्ने परिषद्ले जानएको छ । परिषद्ले पदयात्रा तथा पर्वतारोहणको जोखिम न्यूनीकरणका लागि पहल गर्दै नयाँ पदयात्रा गन्तव्यको खोजी, प्रवर्द्धन र विकासमा ध्यान दिन अनुरोध गरेको छ । नेपाल पर्यटन बोर्डको प्रभावकारिता अभिवृद्धिसँगै प्रदेश पर्यटन बोर्ड गठनमासमेत ढिलाइ भइरहेकोतर्फ पनि ध्यनाकर्षण गराइएको छ ।

पर्यटक प्रहरीलाई अझ बढी सुविधासम्पन्न बनाइ विभिन्न भाषामा तालिम सञ्चालन सञ्चालन गरी पर्यटकको सुरक्षा प्रभावकारी बनाउनुपर्ने, पर्वतारोही, चट्टान आरोहणसम्बन्धी तालिम सञ्चालन गर्दै पोखराबाट पर्वतारोहणको अनुमति दिने व्यवस्था गर्न आवश्यक पहलको माग परिषद्ले गरेको छ । वातावरण परिवर्तनका कारण हिमताल फुट्दै जाने जोखिम हुँदा वातावरण प्रदूषणमासमेत विशेष ध्यान दिनुपर्ने, पर्यटकको आगमन बढाउन केही समय 'फ्रि' भिसा लागू गर्नुपर्ने, जलयात्रालाई महत्व दिई नदीको प्रदूषण रोक्न आवश्यक पहल गर्न अनुरोध गरिएको अध्यक्ष पहारीले बताउनुभयो ।

पोखरालाई पर्यटकीय राजधानी घोषणा पश्चात् गनुपर्ने प्रतिवेदनले औँल्याएका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्यलाई तत्काल कार्यान्वयन गरी पोखरालाई सुरक्षित पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न आवश्यक पहल गर्नुपर्ने परिषद्का महासचिव जीवनराज सापकोटाले बताउनुभयो । ध्यानाकर्षणपत्र बुझ्दै मन्त्री बस्यालले पर्यटन क्षेत्रको विकासका लागि पर्यटनसम्बद्ध सङ्घसंस्थासँग सहकार्य गर्दै अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो । विद्यमान समस्या समाधानका लागि आफ्नो तर्फबाट पहल गर्ने उहाँले बताउनुभयो ।

पर्यटन मन्त्रालयका सचिव कुमानसिंह गुरुङले गण्डकी प्रदेशको पर्यटन विकासका लागि पर्यटनसम्बद्ध सङ्घसंस्थासँग हातेमालो गर्दै अघि बढेको उल्लेख गर्दै थप सहकार्य र समन्वय गरिने धारणा राख्नुभयो । कार्यक्रममा होटेल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी, नाट्टा गण्डकी प्रदेशका अध्यक्ष किशोर दहाल, टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्य, जलयात्रा पर्यटन व्यवसायी सङ्घका निम मगर, हवाई खेलकुद संस्थाका कृष्ण भण्डारीलगायतले पर्यटनसम्बद्ध क्षेत्रका समस्याबारे मन्त्रीको ध्यानकर्षण गराउनुभएको थियो ।

## पोखराबाट करिब डेढ अर्ब सुकिला नोट वितरण गर्ने तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

गण्डकी प्रदेशको राजधानि पोखरामा यस बर्षको वडा दशैं पर्व लक्षित हुने गरी करिब डेढ देखि दुई अर्ब रुपैया सुकिला नोट सटही हुने भएको छ ।

यस बर्ष पोखराबाट दशैं पर्व लक्षित हुने गरी डेढ देखि दुई अर्ब रुपैया सुकिला नोट सटही गर्ने तयारी गरिएको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक विना ढकाल (पौडेल) ले बताइन् । नेपालीहरुको महान पर्व दशैं पर्वको अवसरमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयलले आउँदो असोज महिनाको पहिलो साता देखि सुकिला नोट सटही गर्ने व्यबस्था मिलाउने उनले जनाइन् । राष्ट्र बैंक केन्द्रको निर्देशन अनुसार यस बर्ष नयाँ नोट सटही नहुने भएकोले बजारमा एक पटक पुगेका चलन चल्तीमा प्रयोग गर्न मिल्ने झुत्रो नभएका नोटहरु सटहीको व्यबस्थान गर्ने तयारी गरेको उनल जनाइन् ।

आम सर्वसाधारणको लागि अघिल्ला बर्ष झै यस बर्ष पनि सानो नोट (५, १०, २०, ५० र १००) का एक/एक बण्डल १८ हजार ५ सय बराबरको सटहीको व्यबस्था गरिएको निर्देशक पौडेलले जनाइन् । पोखरा क्षेत्रमा सेवाग्राहीको माग बमोजिम सुकिला नोटको प्रबन्ध गर्ने उनले जनाइन् ।

पोखरामा दशैं पर्वको अवसरमा करिब डेढ देखि २ अर्ब रुपैया बराबरको नयाँ नोट सटही हुदै आएको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले जनाएको छ । नयाँ नोटमा छपाई खर्च बढी हुने पछिल्लो समयमा डिजिटल कारोबार बढी भएकोले सुकिला नोट स्टक धेरै भएकोले गर्दा नेपाल राष्ट्र बैंकले यस बर्ष नयाँ नोट नछापेका कारण सुकिला नोट सटही गर्ने भएको हो ।

नेपाली परम्परा देखि दशैंमा बालकालिकाहरुको खुसिको लागि भन्दै नयाँ नोट सटही गर्ने प्रचलन रहेको छ ।

## चाइना साउदर्न एयरलाइन्सको भैरहवा र पोखरामा उडान भर्न चासो

**रासस**
काठमाडौं, २० भदौं

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे र चाइना साउदर्न एयरलाइन्सका प्रतिनिधिबीच भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई उडान भर्ने विषयमा छलफल भएको छ ।

चाइना साउदर्न एयरलाइन्सका प्रतिनिधिले आज मन्त्री पाण्डेसमक्ष सिंहदरबारमा भेट गरी पोखरा र भैरहवामा उडान भर्न आफूहरू उत्साहित रहेको बताएको पर्यटन मन्त्रालयले जनाएको छ । ४० वटाभन्दा बढी मुलुकमा सेवा दिँदै आएको चीनको प्रमुख एयरलाइन्समध्येको चाइना साउदर्न एयरलाइन्सले नेपालमा समेत आफ्नो सेवा सञ्चालन गरिरहेको छ । चीनको ग्वाङजाओबाट हाल काठमाडौँमा नियमित रूपमा उडान भर्दै आएको उक्त एयरलाइन्सले पोखरा र भैरहवा उडानका लागि मन्त्री पाण्डेले नीतिगत रूपमा गर्नुभएको सुधारको प्रशंसा गरेको थियो । चाइना साउदर्न एयरलाइन्सले पोखरा र भैरहवास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा उडान भर्ने कुराको स्वागत गर्दै मन्त्री पाण्डेले भन्नुभयो, "तपाईंहरू पर्यटकीय राजधानी पोखरा र भगवान् गौतम बुद्धको जन्मस्थल भैरहवा उडान भर्नेमा स्वागत गर्न चाहन्छु । यसले द्विपक्षीय हित आपसी सम्बन्ध विस्तारमा समेत फाइदा पुग्नेछ ।"

मन्त्री पाण्डेले चाइना साउदर्नको नियमित उडानले नेपाल र चीन दुवै मुलुकलाई फाइदा पुग्ने विश्वास व्यक्त गर्नुभयो । मन्त्री पाण्डेले नेपाल एयरलाइन्सले चाइना साउथ एयरलाइन्सबाट हवाई सुरक्षाबारे लाभ लिनेसमेत प्रस्ट पार्नुभयो । साथै मन्त्री पाण्डेले हवाई उडानका क्रममा नेपाली पक्षबाट केही कमजोरी भएको भए पनि सो बारेमा आफूलाई जानकारी गराउन अनुरोध गर्नुभएको थियो । त्यसैगरी, द्विपक्षीय हित र आपसी सम्बन्ध थप सुदृढ पार्न हवाई क्षेत्रले प्रभावकारी भूमिका निर्वाह गर्नेसमेत बताउनुभएको छ ।

## गण्डकी प्रदेशमा एक महिनामा १९ हजारभन्दा बढी सवारीसाधन कारबाहीमा

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

गण्डकी प्रदेशमा चालू आर्थिक वर्षको पहिलो महिनामा ट्राफिक नियमको उल्लङ्घन गर्ने १९ हजार एक सय १३ सवारी साधनलाई कारबाही गरिएको छ ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पोखराले प्रदेशका ११ वटा जिल्लामा गरी एक महिनामा उक्त सङ्ख्यामा सवारीसाधनलाई कारबाही गरिएको जनाएको छ ।

यसैगरी सोही अवधिमा सवारीसाधन कारबाहीबाट रु एक करोड ५० लाख ५२ हजार पाँच सय राजस्व सङ्कलन भएको छ । यहाँ कास्कीमा सबैभन्दा बढी सवारीसाधन कारबाहीमा परेका छन् । कास्कीमा सात हजार तीन सय १३ सवारी साधन कारबाहीमा पर्दा रु ५४ लाख ९८ हजार पाँच सय राजस्व सङ्कलन गरिएको प्रहरीले जनाएको छ । यसैगरी नवलपरासीमा दुई हजार आठ सय सतासी सवारीसाधनबाट रु २२ लाख ४१ हजार पाँच सय, तनहुँमा तीन हजार चार सय ४५ सवारीसाधनबाट रु २६ लाख ९७ हजार पाँच सय, स्याङ्जामा एक हजार दुई सय ३५ सवारीसाधनबाट रु नौ लाख ८३ हजार पाँच सय, बागलुङमा नौ सय ७० बाट रु आठ लाख ४१ हजार, लमजुङमा एक हजार सात सवारीसाधन कारबाहीबाट रु सात लाख ६८ हजार राजस्व सङ्कलन भएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पोखराका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो ।

यसैगरी गोरखामा नौ सय ७२ सवारीसाधनबाट रु नौ लाख २८ हजार पाँच सय, पर्वतमा छ सय ११ सवारीसाधनबाट पर्दा रु पाँच लाख ७५ हजार, म्यादीमा पाँच सय ७४बाट रु चार लाख २५ हजार पाँच सय, मुस्ताङबाट ७५ सवारीसाधन कारबाहीबाट रु ७१ हजार पाँच सय र मनाङमा २४ सवारीसाधनबाट रु २२ हजार राजस्व जम्मा भएको ट्राफिक व्यवस्थापन कार्यालयले जनाएको छ । "ट्राफिक नियम उल्लङ्घन गरी सवारी चलाउनेको सङ्ख्या बढ्न थालेपछि जिल्ला जिल्लामा ट्राफिक प्रहरीले जाँचमा कडाइ गरेको छ । दैनिकजसो सवारी जाँच गरिएको र नियमविपरित चलाउनेलाई कारबाहीस्वरूप जरिवाना गर्ने गरिएको छ", प्रनाउ विकले भन्नुभयो । कार्यालयले यस अवधिमा सवारी दुर्घटना न्युनीकरण तथा ट्राफिक व्यवस्थापनका लागि प्रदेशभर तीन हजार दुई सय ५७ ट्राफिक जनचेतनामुलक कार्यक्रम गरेको जनाएको छ । ती कार्यक्रमबाट महिला ५६ हजार दुई सय ५३ र पुरुष ९८ हजार आठ सय ८१ जना गरी एक लाख ५५ हजार एक सय ३४ जना लाभान्वित भएको बताइएको छ ।


**पानीका स्रोत तथा वितरण प्रणाली सफा राखौ**

◆ पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं,
◆ स्रोतमा बाढि, धमिलो तथा बर्षातको पानी छिर्न नदिऔं,
◆ खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं,
◆ पानीको मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं,
◆ घर तथा सार्वजनिक स्थलका पानी ट्याक्ती, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विद्यावारिधी गरेका व्यक्ति र उत्कृष्ट दुई विद्यालय सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

पोखरा महानगर पालिका वडा नं. १६ ले विभिन्न विषयमा विद्यावारिधी गरेका वडाभित्रका विभिन्न शिक्षासेवीलाई सम्मान गरेको छ।

ऐतिहासिक वाटुलेचौर तीज मेलाको अवसरमा वडा शिक्षा समितिको निर्णय अनुसार २५ जना विषय विज्ञ र २ वटा सामुदायिक विद्यालयलाई सम्मान गरेको हो। वडाले प्राडा टंकनाथ शर्मा, डा गेहेन्द्रमान उदास, डा दिर्घमान गुरुङ,डा गोपाल घिमिरे,डा महेन्द्र व.वानियाँ, डा अर्जुन वानियाँ, प्राडा धुर्व व. कार्की, डा श्रीराम आचार्य,डा निशा वराल, डा सुरेश पौडेल, डा प्रज्ञा गौतम, डा उत्तम थापा, डा विदुर देवकोटा, डा गौतम गुरुङ,डा सुनिल भट्टराई, डा श्रीकृष्ण आचार्य, डा कुशल शर्मा, डा पुष्पराज आचार्य, डा अनुप वस्नेत,डा संजय शर्मा तिमिल्सीना, डा सुख व.गुरुङ, डा चन्द्र गुरुङ,डा




पुनम गौचन सहित २५ जनालाई पोखरा महानगर पालिकाका प्रमुख धनराज आचार्य, गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्ची, पोखरेली रत्न जोर्ज जोन, वडाध्यक्ष अमृत शर्मा तिमिल्सीनाले सम्मान पत्र, माला र सल ओढाएर सम्मान गर्नुभयो।

सोही अवसरमा सामुदायिक विद्यालय तर्फ नेपालकै उत्कृष्ट पहिलो वन्न सफल वाटुलेचौरको विन्ध्यवासिनी मा.वि र कास्कीमा उत्कृष्ट पाँचमा पर्न सफल लामाचौरको ईन्द्रराज्य लक्ष्मी मावि‌लाई पनि सम्मान गरिएको छ। विन्ध्यवासिनीका तर्फवाट प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले सम्मान ग्रहण गर्नुभएको थियो। कार्यक्रममा वोल्दैं पोखरा महानगर पालिकाका मेयर आचार्यले विशेषज्ञता हासिल गरेका विज्ञहरुको सम्मानले, समाज नै सम्मानित भएको वताउनुभयो। उहाँले वडाको विकासमा यस्ता विज्ञवाट सुझाव लिई समग्र योजना वनाउन सुझाव दिनुभयो। मेयर आचार्यले आफ्नो विषयगत दक्षता समाज विकास र मानव सेवामा लगाउन आग्रह समेत गनुभयो। मेला व्यवस्थापन समितिका संयोजक राजकुमारी वानियाँको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षा कार्यान्वयन ईकाइ कास्कीका प्रमुख लोकनाथ आचार्य, गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्ची, पृथ्वीनारायण क्याम्पसका संस्थापक एवं पोखरेली रत्न जोर्ज जोन,सम्मानित व्यक्तित्व डा महेन्द्र वानियाँ, वडा शिक्षा समितिका जयराम पौडेल लगायतले यस क्षेत्रको विकासमा सम्मानित व्यक्तिको भुमिका महत्वपुर्ण हुने वताए। वडाध्यक्ष अमृत शर्मा तिमिल्सीनाले स्वागत गर्नुभएको कार्यक्रमको संचालन मुल समारोह समितिका सदस्य भीमवहादुर गायक र सुनिता देवकोटाले गरेका थिए।

मेला अर्न्तगत अन्तर विद्यालय लोक नृत्य प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगितामा १७ वटा विद्यालयले सहभागिता जनाएका छन्। मेलाको अन्तिम दिन शुक्रवार समुहगत तीज गीत प्रस्तुती रहने वताईएको छ। मेलामा प्रतिकुल मौषमका बावजुद पनि त्यस आसपासका क्षेत्रवाट दर्शकको उल्लेख्य सहभागिता रहेको आयोजकले जनाएको छ।

# निजामती सेवा दिवसका अवसरमा सरसफाइ

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

निजामती सेवा दिवस २०८१ का अवसरमा कर्मचारी मिलन केन्द्र कास्की र जिल्ला प्रशासन कार्यालय कास्कीको संयुक्त संयोजनमा बिहीबार पोखराको सहिदचोकसहित आसपासका कार्यालय क्षेत्रमा सरसफाइ गरिएको छ।

कार्यक्रमको शुभारम्भ गर्दै गण्डकी प्रदेशका प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेतले निजामती कर्मचारीले सार्वजनिक सेवा प्रवाहका साथै सामाजिक उत्तरदायित्व बहनगरी काम गर्नुपर्नेमा जोड दिनुभयो। कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले सरसफाइप्रति समाजमा सचेतना अभिवृद्धिका लागि पनि यस किसिमका कार्यक्रमलाई अघि बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। कर्मचारी मिलन केन्द्र कास्कीका अध्यक्ष लोकनाथ आचार्यले केन्द्रको संयोजनमा प्रत्येक महिनाको ५ गते पोखरा क्षेत्रमा सम्पदास्थलमा सरसफाइ गरिँदै आइएको बताउँदै निजामती सेवा दिवसका अवसरमा सहिद चोकसहित आसपासका कार्यालय क्षेत्रमा सरसफाइ गरिएको जानकारी




गराउनुभयो। कार्यक्रममा नागरिक समाजका संयोजक रामबहादुर पौडेल, नागरिक अभियानका सदस्यहरू, सुरक्षा निकायका प्रतिनिधिसहित राष्ट्रसेवक कर्मचारीको उपस्थिति थियो।

**मानवसेवा आश्रममा भोजनका लागि सहयोग**

कर्मचारी मिलन केन्द्र कास्कीले निजामती सेवा दिवस २०८१ कै अवसरमा बिहीबार मानवसेवा आश्रम छोरेपाटनमा त्यहाँस्थित आश्रित व्यक्तिहरूलाई भोजनका लागि सहयोग गरेको छ। केन्द्रका तर्फबाट संरक्षक एवं कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले रु २६ हजार नगद आश्रमका सञ्चालकलाई हस्तान्तरण गर्नुभयो। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी पाण्डेले सडक मानवलाई आश्रममा ल्याएर सम्मानपूर्वक सेवा प्रदान गरिरहेको मानवसेवा आश्रमको काम प्रशंसनीय भएको बताउनुभयो। पर्यटन राजधानी पोखरालाई सडक मानवमुक्तका साथै मठमन्दिरमा पनि मगन्ते मुक्त बनाउने प्रयास थालिएको उहाँले बताउनुभयो। केन्द्रका अध्यक्ष लोकनाथ आचार्यले मानवीय भावनाका साथ आश्रममा आश्रित व्यक्तिको भोजनका लागि सहयोग गरिएको बताउँदै समाजिक एवं मानवीय भावनाका साथ सञ्चालित यस्ता संस्थामा सबैको साथ र सहयोग आवश्यक हुने धारणा राख्नुभयो।

# लामाचौर कप भलिबल फाइनलमा एपिएफको प्रतिद्वन्द्वी पुलिस र न्यु डायमण्ड

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

महिलातर्फ एपिएफ र न्यु डायमण्ड तथा पुरुषतर्फ एपिएफ र पुलिस उपाधिका लागि भिड्ने भएका हुन्।

पोखरा २० भदौ। लामाचौर कप खुल्ला भलिबल च्याम्पियनसिपको फाइनलमा एपिएफको दुवै टिम पुगेको छ। एपिएफ महिला र पुरुष दुवैतर्फ फाइनलमा प्रवेश गर्न सफल भएको हो। फाइनलमा एपिएफले पुरुषतर्फ नेपाल पुलिस र महिला तर्फ टिपटप न्यु डायमण्ड युथ स्पोर्ट्स क्लबलको सामना गर्ने भएको हो। नव आदर्श सामुदायिक विकास समाजको आयोजनामा पोखरा १९ लामाचौर स्थित इन्द्रराज्य लक्ष्मी माविको खेल मैदानमा लिग चरणका खेल सकिएका छन्। बिहिबार विहान महिलातर्फ भएको लिग चरणको अन्तिम खेलमा न्यु डायमण्डले एपिएफलाई ३-० को सोझो सेटमा हराउँदै शीर्षस्थानमा रहँदै फाइनल प्रवेश गरेको हो। पहिलो सेट २५-१८ ले आफ्नो पक्षमा पारेको डायमण्डले दोस्रो सेट २५-२३ र तेस्रो सेट समेत २५-२३ ले हराउँदै शीर्षस्थानमा उक्लिएको हो। डायमण्डले लिगचरणमा गण्डकी र एभरेष्ट



भलिबललाई ३-० को सोझो सेटमा हराएको थियो।

राउन्ड रोविन लिगको आधारमा भएको खेलमा कुल चार टिमका सहभागिता रहेको थियो। शीर्ष दुई टिम सोझै फाइनल खेल्ने तालिका अनुसार डायमण्ड र एपिएफ यस अघि नै शीर्षस्थानमा रहँदै फाइनल प्रवेश गरिसकेका थिए। लिगको अन्तिम खेलको रुपमा रहेको यी दुई बिचको खेल फाइनल अघिको प्रशिक्षण सरह मानिएको छ। दुबै टिमले फाइनल अघि एक अर्काको रणनीतिलाई बुझ्ने अवसर पाएका छन्। एपिएफले आफ्नो बेन्चमा रहेका खेलाडीलाई कोर्टमा उतारेको थियो। उता डायमण्डले पनि बेन्चका खेलाडीलाई अवसर दिएको थियो। हारपश्चात एपिएफ दोस्रो स्थानमा रह्यो। एपिएफको कुल ३ खेलबाट ६ अंक रह्यो। एपिएफले लिग चरणमा एभरेष्टलाई ३-० को सोझो सेट र गण्डकीलाई ३-१ को सेटमा हराएको थियो। यस्तै आजै भएको प्रतिष्ठाको खेलमा एभरेष्टले गण्डकी प्रदेशलाई ३-० को सोझो सेटमा हरायो। पहिलो सेट प्रतिस्पर्धात्मक रहेपनि नतिजा भने एभरेष्टको पक्षमा २६-२४ रह्यो। दोस्रो सेटमा २५-१३ र तेस्रो सेटमा २५-१९ ले हराउँदै एभरेष्टले जित हासिल गरेको हो। यो संगै एभरेष्टले ३ खेलमा दुइ जित एक हारसहित ३ अंक जोड्दा ३ खेलमै हार व्यहारेको गण्डकी अन्तिममा रह्यो।

उता पुरुषतर्फ नेपाल पुलिस एक खेल अगावै फाइनल प्रवेश गरेपनि अन्य टिमको टुंगो भने विहिबारमात्रै लाग्यो। बुधबार निर्धारित समयअनुसार एपिएफ र गण्डकीको खेल खराब प्रकाशका कारण हुन नसकेपछि विहिबार विहानमात्रै खेल भएको थियो। उक्त खेलमा एपिएफले गण्डकीलाई ३-० को सोझो सेटमा हराउँदै फाइनलको यात्रा तय गरेको हो। एपिएफले गण्डकीमाथि २५-१८, २५-२३ र २५-१६ को हार व्यहोरेको हो। एपिएफको दुई खेलबाट ६ अंक छ। उता पुलिसको पनि ६ अंक नै छ। दुवै टोलीको ६-६ अंक रहेपनि शीर्षको होडमा लिगचरणको अन्तिम खेल खेलेका पुलिस र एपिएफको खेल समेत प्रकाश अभावका कारण रोकिएको छ। पुलिस र एपिएफले १-१ सेट जिते। पहिलो सेट पुलिसले २५-१८ ले आफ्नो पक्षमा पारेको थियो। दोस्रो सेटमा पुलिस १९-२५ ले पछि पऱ्यो।

प्रतिष्ठाको खेलमा गण्डकीले गलकोटलाई ३-२ को सेटमा हरायो। पहिलो सेट २५-२२ ले जितेको गण्डकीले दोस्रो सेट २१-२५ ले गुमायो। तेस्रो सेट २५-१७ जितेपनि पुनः चौथो सेटमा २४-२६ को हार व्यहोर्यो। अन्तिम तथा फाइनल सेटमा १५-१३ को जित निकाल्न सफल भएको हो। यो संगै गण्डकीको कुल ३ खेलबाट २ अंक रहँदा गलकोटको १ अंक रह्यो।

# संविधानविपरित अभिव्यक्ति दिने छुट कसैलाई छैन : अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, २० भदौं

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले संविधानविपरीत अभिव्यक्ति दिने छुट कसैलाई नभएको बताउनुभएको छ।

सहिदद्वय शेरमान कुँवर र मोहनचन्द्र गौतमको स्मृतिमा पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले संविधानविपरित अभिव्यक्तिको प्रतिवाद गर्न कार्यकर्तालाई आह्वान गर्नुभयो। जनयुद्धलाई संविधानले सशस्त्र सङ्घर्षका रुपमा सम्बोधन गरेको उल्लेख गर्दै अध्यक्ष दाहालले संविधानको व्याख्यात्मक टिप्पणीमा ‘सशस्त्र सङ्घर्ष भनेर माओवादी जनयुद्धलाई बुझाउने छ’ भनेर लेखिएको स्पष्ट पार्नुभयो। “व्याख्यात्मक टिप्पणीमा सबै दलहरुले हस्ताक्षर गरेका छन्। तर अहिले कतिपय सत्तारुढ दलका नेताहरुले जनयुद्धलाई हिंसा, हत्या, आतंक थियो भन्ने दुस्साहस गर्ने गरेका छन्”, उहाँले भन्नुभयो, “संविधानविपरीत बोल्ने छुट कसैलाई पनिक छैन। संविधानमा भएको यथार्थलाई जोडदाररुपमा जनतामा लैजानुपर्छ।”जनयुद्धका सहिदलाई सम्मान गर्ने सवालमा पार्टीले निरन्तर काम गरिरहेको अध्यक्ष दाहालको भनाइ छ। पटकपटक सहिद घोषणा गरे पनि राजपत्रमा प्रकाशित नभएका कारण जनयुद्धका सहिदले राष्ट्रिय सहिदको मान्यता पाउन नसकेकाले पछिल्लोपटक आफू प्रधानमन्त्री भएको बेलामा पुराना निर्णयहरु खोजेर सहिदको नामावली राजपत्रमा प्रकाशित गरिएको उहाँले बताउनुभयो।

“यो हामी सबैका लागि खुसी र गर्वको विषय हो। छुटेकालाई पनि केन्द्रित गर्ने प्रक्रिया त्यसमा बाँकी राखिएको छ”, अध्यक्ष दाहालले भन्नुभयो, “पार्टीले सबै सहिदको एकैसाथ सम्झना गर्न जनयुद्धकालदेखि हरेक वर्ष फागुन १४ देखि २१ गतेसम्म सहिद सप्ताह मनाउने गरेको छ।” जनयुद्ध थालनी भएको दिन फागुन १ गतेको जनयुद्ध दिवसलाई राष्ट्रिय दिवसका रुपमा मनाउने मन्त्रिपरिषद्बाट निर्णय गरिएको भए पनि शान्ति प्रक्रिया अझै नटुङ्गिएको भनेर अदालतबाट रोकिएको प्रसङ्ग उल्लेख गर्दै अध्यक्ष दाहालले अब टिआरसी विधेयक पारित भएपछि जनयुद्धलाई राष्ट्रिय दिवसका रुपमा स्थापित गर्न रोक्न नहुने र त्यसका लागि अदालतले पुनःविचार गर्नेमा विश्वस्त रहेको बताउनुभयो।

सो अवसरमा अध्यक्ष दाहाल, उपाध्यक्ष पम्फा भुसाल, महासचिव देवप्रसाद गुरुङ, सचिव देवेन्द्र पौडेललगायत नेता कार्यकर्ताले सहिदद्वय कुँवर र गौतमको तस्वीरमा माल्यार्पण गर्नुभएको थियो।

# नौबुँदे घोषणापत्र जारी गर्दै सकियो अन्तर्राष्ट्रिय सम्मेलन

**रासस**
काठमाडौं, २० भदौं

राष्ट्रिय मानव अधिकार आयोग नेपालको आयोजना तथा एशिया प्रशान्त मञ्च (एपीएफ) को सहकार्यमा राष्ट्रिय मानव अधिकार संस्थाहरूमा लैगिक समावेशीकरणसम्बन्धी तीन दिने अन्तर्राष्ट्रिय सम्मेलन काठमाडौँमा बिहीबार सम्पन्न भएको छ।


यही भदौ १८ गतेदेखि सुरु भएको सम्मेलनले लैंगिक समावेशीकरणसम्बन्धी अन्तर्राष्ट्रियस्तरमा जारी घोषणापत्रहरूको कार्यान्वयनमा जोड दिँदै आज नौं बुँदे काठमाडौँ घोषणापत्र जारी गरेको आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले जानकारी दिनुभयो। सम्मेलनमा अष्ट्रेलिया, बङ्गलादेश, फिजी, भारत, इन्डोनेशिया, इराक, जोर्डन, मलेसिया, माल्दिभ्स, मङ्गोलिया, नेपाल, ओमन, पाकिस्तान, प्यालेस्टाइन, फिलिपिन्स, कतार, सामोआ, थाइल्याण्ड, टिमोर लेस्टसहित एशिया प्रशान्त क्षेत्रका १९ देशका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। ती देशका राष्ट्रिय मानव अधिकार संस्थाका प्रमुख तथा प्रतिनिधि एवम् नेपालका नागरिक समाज, सरकारी निकाय, अधिकारकर्मी, सञ्चारकर्मी लगायत एक सय ५० प्रतिनिधि र अन्य गरेर चार सय जनाको उपस्थिति थियो।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# तीजको शुभकामना

नेपाली हिन्दु महिलाहरुले मनाउने हरितालिका (तीज) हिजोबाट शुरु भएको छ। तीजको व्रत बस्ने अघिल्लो दिन दर खाने दिनबाट तीज पर्व शुरु हुन्छामाइती पक्षले चेलीबेटीलाई बोलाएर दर खुवाउने परम्परा छा दरको रुपमा दुधबाट बनेको शुद्ध परिकार खुवाउने चलन हो। अडिलो खानाको रुपमा दूध, ध्यु, मिठाइ र गहुँबाट बनेका परिकार खाने र रमाइलो गर्ने चलन हो। पछिल्लो समय नेपाली महिलाहरुको साझा चाडमा बिकास हुँदै गइरहेको छ। हिमालय पर्वतकी छोरी पार्वतीले महादेव पति पाउँ भनी व्रत बसेको दिनलाई तीज हरितालिका मनाउन थालिएको किंवदन्ती रहँदै आएको छ। विवाहीता महिलाले पतिको दिर्घायूको कामना गर्दै ब्रत बस्ने र विवाह नभएकाले सुयोग्य वर पाउँ भनी व्रत बस्ने गरिएको तीज अहिले महिलाहरुले आफ्नो अधिकारको रुपमा लिन थालेका छन्। समय अनुसार तीज फेरिदै गएको छ। सबैले महिलालाई दर खुवाउने र विभिन्न क्षेत्रमा योगदान दिएका महिलाई सम्मान गर्न थालेका छन्। त्यही भएर तीजको महत्व झन् बढ्दै गएको छ।

तीजलाई महिलाहरु माथि भएका भेदभाव र अन्यायका विरुद्ध गीतको माध्यमबाट आवाज उठाउने, महिला जागरण र सचेतना फैलाउने चाडको रुपमा पनि लिने गरिएको छ। पछिल्लो समय महिला अधिकारका पक्षमा तीजका माध्यमबाट महिलाहरु संगठित गर्ने कामसंगै महिलाहरु पनि आर्थिक रुपले सम्पन्न हुदै गएका छन् भन्ने सन्देश दिन भोजभतेर, गहना र कपडाको प्रदर्शन गर्ने अवसर पनि बन्दै गएको छ। तीज सांस्कृतिक पर्व भन्दा व्यावसायिक बन्दै गएको छ। नेपाली महिलाहरुले मनाउँदै आएको हरितालिका तीज पछिल्लो समय व्यापारतर्फ उन्मुख भएको छ। तीजलाई व्यापारको माध्यम नबनाउन स्थानीय प्रशासनले सूचना जारी गर्दा चर्को विरोधको सामना गर्नुपर्ने अवस्था आएको छ। तीज आउनु भन्दा धेरै अगाडिदेखि होटल, पार्टी प्यालेस र रेष्टुराहरुमा गएर मनाउने चलन बढेर गएको छ। हरेक कार्यालय, संघ, संस्था, राजनीतिक दल, भातृ संस्था, प्रतिष्ठान, जातीय संघ, संगठनले तीजको दर खुवाउने चलन शुरु भएको छ।

अन्य चाड पर्व खुम्चने तर तीज फैलिएको छ। संसारका जुनसुकै ठाउँमा पुगेका नेपालीले तीज पर्व मनाउने गरेका छन।नेपालमा भन्दा बढी विदेशमा तीज मनाउन गायिका र कलाकार बोलाएर मनोरञ्जन गर्ने र सांस्कृतिक महत्त्व दर्शाउने काम गरेका छन।शहरबजारमा तीज आउनु भन्दा धेरै अगाडि महंगा पहिरन सकि नसकि किन्नुपर्ने, सारी, गहना देखाएर मनाउने चलन बढेको छ। अब स्कुलको शुल्क, छुट्टयाए जस्तै तीज खर्च छुटट्याउनु पर्ने भएको छ।सामाजिक संजालमा जोडिन, भिडियो बनाउने, टिकटक बनाउने, यू ट्यूवमा भ्युअर्स बढाउनेले कमाउने मौका पाएका छन्। उत्पादकहरुले आफ्ना वस्तु विक्रीको माध्यम तीज बनाउन थालेका छन्। तीजलाई मौलिक सांस्कृतिक पर्व बनाउन लाग्नुपर्नेहरु नै होटल, रेष्टुरा पार्टी प्यालेसहरुमा बोलाएर भोज भतेर गराउने गरेका छन्। तीजमा महिला दिदीबहिनीहरुलाई माइत बोलाएर दर खुवाउने चलन हो। दिदीबहिनीहरु माइतमा भेट भएर सुख दुःखका कुरा साटासाट गर्ने अधिकारका बारेमा सचेत पार्ने बेला पनि हो। कुन संस्थाले सम्झ्यो, कुन संस्थाले सम्मान गर्यो भन्ने रुपमा हेर्न थालिएको छ। अरुबाट प्रायोजन गरेर आ आफ्नो संस्थाले दर खुवाएको र महिलालाई सम्मान गरेको नाटक मञ्चन गर्न थालेका छन्।

तीजमा महिलालाई सम्मान गर्ने, महिला अधिकारको कुरा गर्ने र प्रोत्साहन गर्नेहरु आफ्नै संस्थामा नेतृत्व दावी गर्दा खुट्टा तान्ने, मर्यादा नगर्ने प्रबृत्ति हटाउने वाचा गर्नुपर्ने वेला आएको छ। तीजका अवसरमा गरिएका गतिविधि देखावटी होइन भन्ने देखाउन ब्यवहारिक रुपमा समान अधिकार, समान सहभागिता, महिला अधिकार र असमानता हटाउन लाग्नु पर्दछ। नेपाली महिलाहरुको सांस्कृतिक पर्व तीजलाई विकृति र विसंगति हुन नदिन महिला अधिकारवादी र महिला संघ संगठनहरु लाग्नुपर्दछ। चाडपर्वलाई सबैले सहजरुपमा मनाउन सक्ने अवस्था हट्दै गएको छ। चाडपर्व महंगो र भड्किलो बन्दै गएको छ। तीजलाई महिलामाथी हुने भेदभाव र कुसंस्कार विरुद्व अधिकार प्राप्ति र दिदीबहिनीहरु बिचको मिलनको चाडको रुपमा विकास गर्न आवश्यक छ।तीजको सबैलाई शुभकामना !


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : शुभ यात्रा |
| कर्कट | : मानसिक तनाब | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# प्रगतिमा साँस्कृतिक कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

पोखरा महानगर पालिका वडा नं १६ बाटुलेचौरमा रहेको प्रगति सेकेण्डरी स्कुलमा साँस्कृतिक कार्यक्रम भएको छ।

नेपाली नारीको सास्कृतिक पर्व हरितालिका तीजको अवसरमा सो विद्यालयका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुले नेपाली संस्कृति र परम्परा झल्काउने नृत्य प्रस्तुत गरेका छन्। कार्यक्रममा विद्यार्थीले कौडा, झ्याउरे, सालैजो लगायतका नृत्य प्रस्तुत गरेका थिए भने विभिन्न भाकाहरु पनि सुनाएका थिए। उनीहरूले वातावरण संरक्षण केन्द्रित नाटक मौन र नेपाली पाठ्यपुस्तकमा समावेश अमरपुत्र नामक नाटक मञ्चन गरेको शिक्षक विनोद भुजेलले जानकारी दिए।

यसअघि कार्यक्रमको उद्धाटन गर्दै समाजसेवी रमेश विश्वकर्माले नियमित पठनपाठनको अलवा यस्ता कार्यक्रमले विद्यार्थीको अन्तर निहित प्रतिभा प्रस्फुटनमा सहयोग पुर्याउने बताए। शिक्षक विनोद भुजेलको अध्यक्षतामा भएको कार्यक्रममा अभिभावक सरिता गुरूङले वावु नानीको प्रस्तुतीले लोक संस्कृतिको जगेर्नामा भुमिका निर्वाह गरेको बताईन्। कार्यक्रम पस्चात विद्यालयले तिजको शुभकामना आदान प्रदान समेत गरेको थियो।

# ह्याण्डवलको उपाधी टिम मनकामनालाई



**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

पोखराको बाटुलेचौरमा आयोजित प्रथम अन्तर क्लव ह्याण्डबल प्रतियोगिताको उपाधि टिम मनकामनाले उचालेको छ।

ऐतिहासिक बाटुलेचौर तीज मेलामा आयोजना भएको प्रतियोगितामा टिम विशाललाई पराजित गर्दै टिम मनकामनाले नगद ५० हजार, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको हो। उपविजेतामा चित्त बुझाएको टिम विशालले नगद ३० हजार, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको खेल संयोजक अनिल बस्नेतले जानकारी दिए। त्यस्तै हाईजेष्ट स्कोर टिम मनकामनाका विशाल वस्नेत, वेष्ट किपर टिम मनकामनाकै निशान गुरुङ र वेष्ट प्लेयर टिम विशालका सुदिप गुरुङ घोषित भए। विजयी टिमलाई कार्यक्रमका प्रमुख अतिथी पोखरा महानगर पालिकाका प्रमुख धनराज आचार्य, पोखरा १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना र मुल व्यवस्थापन समितिका संयोजक रामकुमारी बानियाँले नगद, ट्रफी, मायाको चिनो र प्रमाणपत्र वितरण गरे। तीन दिनसम्म भएको प्रतियोगितामा ६ वटा टिमले सहभागिता जनाएका थिए। यसैविच मेलामा आयोजित अन्तर विद्यालय लोक नृत्य प्रतियोगितामा विन्ध्यवासिनी माध्यमिक विद्यालय प्रथम भएको छा१७ वटा विद्यालयले सहभागिता जनाएको प्रतियोगितामा अल्फा बोडिङ्ग स्कूल द्वितीय, रिभरडेल स्कुल तृतीय र पोखरा एकेडेमी, ईन्द्रराज्य लक्ष्मी मा वि, निर्मल आधारभूत विद्यालय सान्त्वना भएको संयोजक मञ्जु बस्यालले जानकारी दिनुभयो। विजयी टोलीले नगद सहित प्रमाणपत्र प्राप्त गरेका छन्।

# किसानलाई व्यावसायिक तथा प्राविधिक पशुपालन तालिम

**पोखरापत्र संवाददाता**
गोरखा, २० भदौं

गोरखाको भीमसेन थापा गाउँपालिकामा पशुपालक किसानलाई व्यावसायिक तथा प्राविधिक पशुपालन तालिम प्रदान गरिएको छ।

पालिकामा दूध र मासु उत्पादन बढाउन किसानलाई थप व्यावसायिक बनाउँदै लैजाउनुपर्ने भएकाले विज्ञ पशुचिकित्सक बोलाएर तालिम सञ्चालन गरिएको गाउँपालिका-७ का वडाध्यक्ष नारायण श्रेष्ठले जानकारी दिनुभयो। "दैनिक जीविकोपार्जनका लागि घरमा वर्षौंदेखि पशुपालन गर्दै आएका किसान छनोट गरेर तालिम दिइएको छ", उहाँले भन्नभुयो, "पशुबस्तुको राम्रो स्याहारसुसार गर्न नजान्दा किसानले पर्याप्त लाभ लिन नसकेकाले विज्ञ पशु चिकित्सकमार्फत तालिम प्रदान गरिएको हो।" तालिमबाट किसानले पशुवस्तुको हेरचाह र सामान्य रोगको पहिचान तथा प्राथमिक उपचारकाबारेमा जानकारी लिएका छन्। त्यस्तै नश्ल गुणस्तर पहिचान, पशुबस्तुका लागि आवश्यक पर्ने सन्तुलित आहार बनाउने तरिकालगायत विषयमा पनि तालिमका माध्यमबाट किसानलाई जानकारी प्रदान गराइएको उहाँको भनाइ छ। तालिममा पशुविज्ञ चिकित्सक डा कमलेश्वर भट्टलगायतले सहभागी किसानलाई सहजीकरण गर्नुभएको हो। तालिममा गाउँपालिकाअन्तर्गत वडा नं ७ र ८ का ५० जनाभन्दा बढी पशुपालक किसानको सहभागिता थियो। गाउँघरमा प्रायः देखिने खोरेत, लम्पीस्किन, थुनेलो, पड्के आदि रोगबाट पशुबस्तुलाई जोगाउन र रोग लागेमा उपचारका लागि किसानले ध्यान दिनुपर्ने विषयमा विज्ञहरुले तालिममार्फत किसानलाई सचेत गराएका छन्। विज्ञले किसानलाई गोठमा रहेका रोगी र निरोगी पशुको पहिचान गर्न सिकाइएको तालिममा सहभागी हुनुभएका पशुपालक किसान शरण श्रेष्ठले बताउनुभयो।

पशुबस्तुका लागि खोपको महत्व र पशु बीमा आवश्यकता बारेमा सचेतनाले तालिम प्रभावकारी भएको उहाँको भनाइ छ। युवा शक्ति समाज रुपान्तरणको सहयोग तथा मिलनसार युवा क्लबको आयोजनामा तालिम सञ्चालन गरिएको हो।

# तीज गीत प्रतियोगितामा माछापुच्छ्रे चौतारी आमा समूह प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

पोखरा महानगरपालिका वडा नं १५ ले महिलाहरुको महान पर्व हरितालिका तीज पर्वको अवसरमा हालै आयोजना गरेको तीज गीत प्रतियोगिता २०८१ मा माछापुच्छ्रे चौतारी आमा समूहले उपाधि जितेको छ।

प्रतियोगितामा चेतना कृषि महिला समूह दोस्रो र जन जाग्रिती आमा समूह तेश्रो स्थान हासिल गरेको छ। विजेताले क्रमशः २० हजार, १३ हजार ४ सय, ९ हजार ४ सय र शान्त्वना भएका दुई कोलपाटन आमा समुह र स्यानिपाटन आमा समूहले समान ४ हजार नगद र प्रमाणपत्र हात गरे।

प्रतियोगितामा वडाका २२ आमा समूहले सहभागिता जनाएको पोखरा १५ का वडा अध्यक्ष तोरण बहादुर बाँनियाले जनाउनु भयो। प्रतियोगिताको निर्णायकहरूमा वडा नं १५ निवासी लोकप्रिय गायिका माया गुरुङ, सिता केसी, सिता देवी दुरा, बुद्धिमान दुरा (धम्पु) रहनु भएको थियो।

उक्त कार्यक्रमको उद्धाटन भने गण्डकी प्रदेश प्रहरी प्रमुख (डिआइजी) दुर्गा सिंह चन्दले गर्दै सकारात्मक विचारको बीजारोपण गर्न सके मात्र व्यक्ति स्वस्थ हुने बताउनु भयो। महिला दिदी बहिनीहरूको महान् चाड तीज पर्वले दाजुभाइहरूलाई पनि जोड्न सक्नुपर्ने उहाँको भनाई थियो।

# उद्घाटनको भोलिपल्टै बागलुङ बसपार्क सुनशान

**पोखरापत्र संवाददाता**
बागलुङ, २० भदौं

भव्य कार्यक्रमकाबीच उद्घाटन भएको बागलुङ बसपार्क २४ घण्टा नबित्दै सुनसान भएको छ।

बाटोको दूरावस्था र सवार ीसाधनको सुरक्षा चुनौती देखाउँदै व्यवसायीले सवारीसाधन बसपार्कमा लैजान आनाकानी गर्दा समस्या देखिएको हो। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र पाण्डेले गत मङ्गलबार चालक र सहचालकलाई टीका लगाए बसपार्कको शुभारम्भ गर्नुभएको थियो। बागलुङ नगरपालिका-४ दावगह्मा २३ वर्षपछि आधुनिक बागलुङ बसपार्क सञ्चालनमा आएको थियो। व्यवसायी विष्णुराज पन्तले असुरक्षाका कारण व्यवसायीले बसपार्कमा बस राख्न नसकेको बताउनुभयो। "बस ठोकिन्छ, कसरी त्यहाँ बस जान्छ र खै ?", उहाँले आश्चार्य व्यक्त गर्दै भन्नुभयो, "नगरले सुरक्षा दिनुपर्‍यो नी, अनि मात्र ठूला सवारी गन्तव्यमा पुग्छन्।"

बसपार्क सञ्चालनमा ल्याएको नगरले भने व्यवसायीसँग सम्झौताको काम बाँकी रहेकाले केही दिन लाग्ने जनाएको छ। "व्यवसायीसँग सम्झौता भएको छैन, हामी छलफलमै छौं, एक दुई दिनमा काम टुङ्गो लाग्छ", नगर प्रमुख वसन्तकुमार श्रेष्ठले भन्नुभयो, "एक दिन नचल्दैमा बसपार्क बन्द भयो भन्न मिल्दैन।" उहाँले बसपार्कलाई दिगो बनाउनका लागि यातायात व्यवसायीसँग लिखित रुपमा सम्झौता गरेर अघि बढ्ने योजना सुनाउनुभयो। निर्माण प्रक्रिया सुरुआत गरेको २३ वर्षपछि बागलुङ बसपार्क सञ्चालनमा ल्याइएको थियो। बसपार्क निर्माणका लागि नगर विकास कोषबाट रु आठ करोड ७० लाख ऋण लिइएको थियो। बसपार्कमा ८० ठूला बस, १० माइक्रोबस एकैसाथ राख्न सकिन्छ।

# घरबाटै वर्गीकरण गरी फोहर उठाउँदै व्यास नगरपालिका

**पोखरापत्र संवाददाता**
दमौली, २० भदौं

व्यास नगरपालिकाले घरबाटै फोहर वर्गीकरण गरी सङ्कलन गर्न थालेको छ। फोहरमैला व्यवस्थापनको चुनौती खेप्दै आइरहेको यस नगरपालिकामा स्थापनाको ३२ वर्षसम्म स्थायी फोहरमैला व्यवस्थापन केन्द्रसमेत छैन। पछिल्लो समय नगरपालिकाले घरबाटै वर्गीकरण गरी फोहर सङ्कलन गर्न थालेको जनाएको छ।

कुहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै वर्गीकरण गरी सङ्कलन गर्ने काम भइरहेको नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो। "एकैठाउँमा सबै फोहर सङ्कलन गर्दा समस्या हुने भएकाले घरबाटै वर्गीकरण गरेर सङ्कलन भइरहेको छ," उहाँले भन्नुभयो, "यसले गर्दा केही हदसम्म फोहर व्यवस्थापनमा सहयोग पुग्नेछ।" फोहरमैला व्यवस्थापनका लागि सामना गर्नुपरेका समस्या समाधानमा सहयोगका लागि नगरपालिकाले छ महिनाअघि सरसफाइविज्ञका रूपमा कृष्ण भण्डारीलाई नियुक्त गरेको छ। भण्डारीकै सल्लाह बमोजिम कुहिने र नकुहिने फोहर वर्गीकरण गरी व्यवस्थापनको काम अगाडि बढेको हो।

नगरप्रमुख न्यौपानेले भन्नुभयो, "उहाँले धनगढी, वालिङलगायतका क्षेत्रमा सफलतापूर्वक फोहर व्यवस्थापनलगायतका काम उदाहरणीय रूपमा सम्पन्न गरिसक्नुभएको छ। उहाँको सोअनुभवका आधारमा यहाँ पनि व्यवस्थापनको काम अगाडि बढेको छ। नकुहिने फोहरभित्र पनि विभिन्न सिसा, प्लास्टिक, कागज जस्ता चिजहरू छुट्टाएर त्यसलाई मेसिनले कम्प्रेस गरेर केही आम्दानीसमेत गरिरहेका छौं।"

सरसफाइविज्ञ भण्डारीले नगरभित्रका प्रत्येक टोल, वडा, विद्यालयमा पुगेर फोहर वर्गीकरणका उपाय सिकाउने काम गरिरहनुभएको छ। नगरपालिकाले कार्यालय परिसरभित्र नकुहिने फोहरमध्येबाट कागज, सिसा, प्लास्टिकजन्य फोहर छुट्याएर आम्दानी गर्न थालेको नगरप्रमुख न्यौपानेको भनाइ छ। फोहरमैलाव्यवस्थापनकोदीर्घकालीन समाधानका लागि वडा नं १३ मा जग्गा खरिदको प्रक्रियासमेत अगाडि बढिसकेको नगरपालिकाले जनाएको छ। बत्तीस वर्षसम्म पनि फोहरमैला व्यवस्थापनको स्थायी समाधान गर्न नसकिएकाले अब दीर्घकालीन योजनासहित समस्या समाधानको पहल भइरहेको नगरप्रमुख न्यौपानेले बताउनुभयो। "विगतको मेरो कार्यकालमा पनि प्रयत्न गर्दा गर्दै समस्या आयो। अहिले जग्गा खरिद प्रक्रिया अगाडि बढिसकेको छ। त्यसपछि थप समस्या समाधानका लागि सहज हुनेछ", उहाँले भन्नुभयो।

नगरपालिकाले कुहिने फोहरलाई भने दुम्सीस्थित गौसंरक्षण केन्द्रमा व्यवस्थापन गरी त्यहाँबाट बायोग्यास उत्पादन गर्ने कामसमेत गरिरहेको छ। बजार क्षेत्रका वडा नं २, ३ र ४ बाट दैनिक रूपमा फोहर सङ्कलन हुँदै आएको छ। बजार क्षेत्रबाट दैनिक ११ टन फोहर सङ्कलन हुने गरेको जनाइएको छ।


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८१/०५/१९

यस कार्यालयबाट मिति २०८१/०३/१७ मा कास्की जिल्ला पोखरा ०६ कास्कीमा संचालन गर्ने गरि रत्ननगर-१२, चितवन निवासी नवराज रेग्मीको नाउँमा दर्ता भएको फर्म दर्ता नं. २६१७१/०८०/०८१ को आवा होटल नामक फर्म मिति २०८१/०५/१९ मा बन्द गरीपाँउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन् अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# मर्चेन्डाइज डिष्ट्रिब्युशन र ट्रेनिङ सेसन्स आयोजना

**पोखरापत्र संवाददाता**
काठमाडौं, २० भदौं

इन्ड्राइभ, ग्लोबल मोबिलिटी र अर्बन सर्भिस प्लेटफर्मले काठमाडौंमा आफ्ना ड्राइभर पार्टनर्सहरूको परिवारप्रति समर्पित विशेष इनिशियटिभ घोषणा गरेको छ।

यो इनिशियटिभ इन्ड्राइभका ड्राइभर पार्टनर्सहरूका बालबालिकाहरूलाई बहुमूल्य प्रशिक्षण र आवश्यक मर्चेन्डाइज प्रदान गरेर सहभागी हुन र समर्थन गर्नमा केन्द्रित रहेको छ। इन्ड्राइभले आफ्ना ड्राइभर पार्टनर्सहरु र उनीहरुका छोराछोरीहरूलाई जुत्ता र टी-सर्टहरू लगायतका विशेष मर्चेन्डाइज वितरण गरेको छ। मर्चेन्डाइज उपहारको अतिरिक्त, बालबालिकाहरुको लागि एउटा ट्रेनिङ सेसनको आयोजना गरेको छ। यो सेसन युवा मष्तिष्कलाइ इन्साइट र दक्षता प्रदान गरेर सशक्तिकरण र प्रेरित गर्न डिजाइन गरिएको हो। यो ट्रेनिङले उनीहरूको



शैक्षिक र व्यक्तिगत वृद्धिमा फाइदा पुर्याउनेछ। इन्ड्राइभले काठमाडौंमा आफ्ना ड्राइभर पार्टनर्सहरूको लागि उपहारको पनि आयोजना गरिरहेको छ।

यस अन्तरगत, योरपेस तालिममा भाग लिइरहेका ड्राइभर पार्टनर्सका बालबालिकाहरूले ट्याब्लेट जित्ने मौका पाउनेछन्। यसका साथै इनड्राइभ ड्राइभर पार्टनर्सहरुलाई उनीहरूको समर्पण र कडा परिश्रमको कदर गर्दै दुईवटा विद्युतीय सवारी (ईभी) उपहार दिइनेछ। इनड्राइभको हेड अफ स्पोर्टस् अन्ना फेडोरचुकले भनिन्, 'इन्ड्राइभको सफलता हाम्रो चालक समुदायको शक्ति र प्रतिबद्धतामा आधारित रहेको छ। यो इनिशियटिभ ड्राइभर पार्टनर्सहरूलाई मात्र नभई तिनीहरूका परिवारको संलग्नताका लागि पनि केन्द्रित रहेको छ। यसले हाम्रो इन्ड्राइभ परिवारमा खुसी र सकारात्मक प्रभाव ल्याउनेछ भन्ने अपेक्षा गरेकी छु।'

# 'खुर्सानीले पेट भरिन्न भन्ने अहिले मेरो नै सिको गर्दैछन्'

**पोखरापत्र संवाददाता**
बागलुङ, २० भदौं

बागलुङमा उत्पादित अकबरे खुर्सानी विदेश निर्यात हुन थालेको छ। यहाँस्थित काठेखोला गाउँपालिका-८ लेखानीका लालकुमारी पुनले एक क्विन्टलभन्दा बढी अकबरे खुर्सानी दुबई निर्यात गर्नुभएको हो। उहाँले भन्नुभयो,"गत वैशाखदेखि हालसम्म एक क्विन्टलभन्दा बढी अकबरे खुर्सानी विदेश निर्यात भएको छ। अकबरे खुर्सानीको व्यवसायिक खेती गर्दा खुर्सानीले पेट भरिन्न भन्ने अहिले मेरो नै सिको गर्दैछन्।"

विसं २०७० मा तत्कालीन कृषि कार्यालय बागलुङले लालकुमारीको गाउँमै पुगेर कृषि व्यवसाय प्रवर्द्धन तालिमको आयोजना गरेको थियो। त्यही तालिम नै उहाँको जीवनमा कोसेढुङ्गा सावित भयो। गाउँगाउँमा महिलाले उत्पादन गरेको तरकारीले सहजै बजार नपाएको तालिममा सहभागी भएकाको गुनासो गरेका थिए। तालिममा सहभागी भएका ६९ जनालाई कृषि कार्यालय बागलुङका तत्कालीन प्रमुख विनोद हमालले एक/एक प्याकेट अकबरे खुर्सानीको बीउ दिनुभयो।

कृषकले उत्पादन गरेको तरकारीको बजारीकरणमा सहयोग गरिदिने प्रतिबद्धतासहित कृषिले खुर्सानीको बीउ बाँडेर फर्किएपछि लालकुमारीको दैनिकी फेरिएको छ। "गाउँकाले खुर्सानीको बिरुवाले पेट भरिँदैन, करेलो र घिरौंलो लगाउँ भने, मैले मानिन्, अकबरे खुर्सानीको भविष्य देखेको थिएँ, पछिल्लो समय अकबरे खुर्सानीको फाइदा देखियो", उहाँले भन्नुभयो, "अहिले अकबरे खुर्सानीको माग उच्च देखेर पाँच रोपनी जग्गामा खुर्सानीखेती गरेको छु।"

त्यही एक प्याकेट खुर्सानीको बीउबाट लालकुमारीले यतिबेला फैलाउँदै र बढाउँदै पाँच रोपनी जग्गामा व्यावसायिक खुर्सानीखेती गर्नुभएको छ। अन्य पाँच रोपनीमा भिलिङ्गो (सिल्टुङ्ग), सिमी, काँक्रो, करेला, भेन्टा र सागसँगै तरकारीखेती पनि गर्नुभएको छ। विसं २०७२ बाट व्यावसायिक खेती सुरु गरेकी लालकुमारी अहिले बर्सेनी २० क्विन्टलभन्दा बढी खुर्सानी उत्पादन हुन थालेको बताउनुभयो। विसं २०७५ मा रोपेका खुर्सानीका बोटले अहिले पनि उत्पादन दिने गरेको उहाँले बताउनुभयो। पहिले पहिले लालकुमारीको खुर्सानी बागलुङ बजारमा बिक्री हुन्थ्यो, विस्तारै जिल्ला बाहिर पनि जान थाल्यो। केही वर्षयता कोसेलीका रुपमा आफन्त, इष्टमित्रलाई जापान, कोरिया, पोर्चुगल र अमेरिका पठाउने बढ्न थाले। विसं २०७९ देखि भने लालकुमारीले व्यावसायिक रुपमै आफूले उत्पादन गरेको खुर्सानी दुबई पठाउन थाल्नुभएको छ। पहिले पहिले खुर्सानी फलाएर पाकेर रातो भएपछि बिक्री गर्ने गरेको भए पनि आजभोलि हरियो हुँदै बिक्री हुने गरेको उहाँको भनाइ छ। प्रतिकेजी तीन सय रुपैयाँ र प्रतिमाना एक सय रुपैयाँका दरले गाउँबाटै बिक्री हुने गरेको उहाँको भनाइ छ। खुर्सानीमात्र बेचेर वार्षिक तीन लाखभन्दा बढी आम्दानी गर्ने गरेको लालकुमारीले बताउनुभयो। खुर्सानीबाहेक अन्य तरकारी बिक्री गरेको आम्दानी छुट्टै छ। कादेश कृषि तथा पशुपालन सहकारी संस्थाको अध्यक्षसमेत रहेकी लालकुमारीले सहकारीमा आबद्ध भएकालाई खुर्सानी उत्पादनमा जोडेर बिक्रीवितरणमा सहजीकरण गर्ने तयारी गरेको बताउनुभयो। स्थानीय, प्रदेश र केन्द्र सरकारका कृषिसम्बन्धी कार्यक्रम र कार्यालयबाट आफूलाई धेरै सहयोग प्राप्त हुने गरेको उहाँले बताउनुभयो।

# विद्यालयमा लप्सीको अचार बनाउन सिकाइँदै

**पोखरापत्र संवाददाता**
गोरखा, २० भदौं

गोरखाको सहिद लखन गाउँपालिका-७ बुङ्कोटस्थित श्री सहिद स्मृति माध्यामिक विद्यालयले विद्यार्थीलाई पढ्दै आयआर्जन गर्न सिकाउन थालेको छ। विद्यार्थीलाई विद्यालयमा अचार बनाउने सिकाएर आयआर्जनसँग जोड्न थालिएको विद्यालयका शिक्षक एवं सिक्दै कमाउँदै कार्यक्रमका संयोजक अनुपबाबु श्रेष्ठले जानकारी दिनुभयो।

विद्यालयले पहिलो चरणमा विद्यार्थीलाई पढ्दै कमाउन सिकाउनका लागि विद्यालय हाताभित्र लप्सीको अचार उत्पादन गर्न सुरु गरेको उहाँको भनाइ छ। "कम्पाउण्डभित्रै लप्सी लटरम्मै फलेर खेर गइरहेको थियो, त्यसैलाई उपयोग गर्दै विद्यार्थीले अचार उत्पादन थालेका छन्, त्यसले राम्रो प्रभाव पनि पारेको छ", उहाँले भन्नुभयो। उत्पादित लप्सीको अचार प्रतिबट्टा रु एक सय ५० मा बिक्री भइरहेको संयोजक श्रेष्ठको भनाइ छ। "भर्खरमात्र उत्पादन सुरु गरिएकाले राम्रो पनि भइरहेको छ, विद्यालयकै जग्गामा आँपका रुखसमेत प्रशास्त भएकाले अब यामअनुसार आँपलगायतको अचार उत्पादन गर्न थाल्ने विद्यालयको योजना छ", उहाँले भन्नुभयो।उहाँले विद्यालयले थालनी गरेको कामले बालबालिकामा स्थानीयस्तरमा उत्पादित तर खेर गइरहेको कृषि उत्पादनबाट पनि राम्रो आयआर्जन गर्न सकिन्छ भन्ने सन्देश पुगेको बताउनुभयो।

उत्पादित अचार सहजै बिक्री भइरहेको संयोजक श्रेष्ठले जानकारी दिनुभयो। विद्यालयले तत्कालका लागि अचार बनाउन लाग्ने खर्च र सामानको मूल्याङ्कन गरेर अचारको मूल्य निर्धारण गरी बिक्री गर्न थालेको छ। "उत्पादन गर्न सके बिक्छ भन्ने पनि लागेको छ, एउटै व्यक्तिले १५ बट्टासम्म माग गर्दा एक बट्टा दिन पनि सकिएन", उहाँले भन्नुभयो, "अहिले त विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावकलाई पनि पुर्याउन गाह्रो छ।" अचार उत्पादन गर्न ८ कक्षादेखि १२ कक्षासम्म विद्यार्थीलाई सिकाउन थालिएको उहाँले बताउनुभयो।

"स्थानीयस्तर कतिपय उत्पादन खेर गइरहेका पनि छन् त्यसलाई सही सदुपयोग गरे राम्रो आयआर्जन गर्न पनि सकिनेर हेछ" उहाँले भन्नुभयो, "त्यसैका लागि हामीले यो कामको थालनी गरेका हौं।" उत्पादित अचारमा विद्यालयले आफ्नो विद्यालयको 'स्टिकर' टाँसेर बिक्री गरिरहेको उहाँले बताउनुभयो।

# बागलुङको लेकमा उत्पादित कपडा विदेश निर्यात

**पोखरापत्र संवाददाता**
बागलुङ, २० भदौं

बागलुङको निसी, भूजी र तमान क्षेत्रका अधिकांश स्थानीय पुस्तौंदेखि पशुपालनमा आवद्ध छन्। उच्च पहाडी क्षेत्र भएकाले भेडापालनमा यहाँका किसान सक्रिय छन्। भेडाबाट मासुसँगै ऊनको कपडासमेत बिक्री हुँदा किसान उत्साहित हुँदै आएका हुन्।

दशक अगाडिसम्म भेडाको ऊनबाट बनेका कपडा गोठालाले बढी प्रयोग गर्ने गरेकामा अहिले विदेशमा पुग्ने गरेको छ। विदेशबाट माग बढ्न थालेपछि भेडापालक किसान उत्साहित बनेका छन्। भेडाको ऊनबाट बन्ने काम्लो, बख्खु, घुमलगायत कपडाले घाम पानी छेक्ने, वर्षौं टिक्ने र न्यानो हुने भएकाले माग बढेको किसान बताउँछन्। यहाँका अधिकांश स्थानीयले सयौंको सङ्ख्यामा भेडापालन गर्छन्। काम्लो, बख्खु, घुमलाई गोठालाको कपडा भन्ने गरिन्छ। एउटै परिवारले पाँच सयदेखि एक हजार पाँच सयसम्म भेडाबाख्रा पाल्ने गरेका ढोरपाटन नगरपालिका-९ का बिर्खबहादुर पुनले बताउनुभयो। "भेडाबाख्राको सङ्ख्या बढी भएकाले ऊन प्रशस्त उत्पादन हुन्छ। मासु र ऊनका कपडाबाट भेडापालक किसानले राम्रो आम्दानीसमेत गर्दै आएका छन्", उहाँले भन्नुभयो।

मासु स्थानीयस्तरमा बिक्री हुने गरेको भन्दै त्यसबाट बन्ने कपडा देशविदेशमा निर्यात हुने गरेको पुनले जानकारी दिनुभयो। ऊनबाट बन्ने कपडाको माग नेपाली बजारमाभन्दा विदेशमा बढी हुने गरेको उहाँको भनाइ छ।

पहिले-पहिले गोठालाले लगाउने ऊनका कपडा अहिले विदेश निर्यात हुँदा अचम्म लाग्ने पुनले बताउनुभयो। एक दशक अगाडि काम्लो, बख्खु, घुम लगाउने मान्छेलाई लेकाली र गोठालाको सङ्ज्ञा दिने गरिएकामा अहिले विदेशमा बस्नेको रोजाइमा यी कपडा पर्न थालेको उहाँले जानकारी दिनुभयो। पुनले एउटा काम्लो, हापदुला बुन्न समय बढी लाग्ने भन्दै ती सामान विदेश पठाउँदा आम्दानी पनि प्रशस्त हुने बताउनुभयो।एउटा ऊनको कपडाको मूल्य न्यूनतम रु १५ हजारदेखि रु ६० हजारसम्म पर्ने उहाँले जानकारी दिनुभयो। आफूहरूले लेकमा उत्पादन गर्ने काम्लो, बख्खु, घुम जापान, कोरिया, अमेरिका, अष्ट्रेलिया, बेलायतलगायत देशमा निर्यात हुने गरेको पुनले बताउनुभयो।

"हामीहरूले घुम, काम्लो ओढ्दा भेडाको ऊनको कपडा लगाउने मान्छे भनेर हेपेर गोठाले भन्थे। अहिले धेरैले ऊनको कपडा चाहियो भन्नुहुन्छ, खुसी लाग्छ। गाउँघरसँगै विदेशबाट बढी माग गर्नुहुन्छ" उहाँले भन्नुभयो, "भेडा पालेर पहिले मासु बेच्थ्यौं। अहिले त्यसको रौँबाट बनेका कपडा बेच्न थालेका छौं। नयाँ प्रविधिको प्रयोग गरी कपडा बुन्दा सहज हुन्थ्यो होला, हामीसँग प्रविधि नहुँदा पुरानै सीपको प्रयोगबाट कपडा बनाउने गरेका छौं।"

निसीखोला गाउँपालिका-६ का वीरमानबुढा मगरले आफूहरू सानो हुँदा चप्पल, सिरक, डसना र अन्य कपडा पाउन मुस्किल हुने गरेको स्मरण गर्दै उतिबेला ऊनबाट बनेका कपडा प्रयोग गर्ने गरेको बताउनुभयो। पछिल्लो समय भेडा पाल्ने किसान घट्दै गएको भन्दै ऊनको कपडाको माग भने बढ्दै गएको उहाँको भनाइ छ।

मगरले चार पुस्तादेखि भेडा पाल्दै आएको सुनाउँदै आफूपछिको पुस्ताले चासो नदिएको गुनासो पोख्नुभयो। उहाँले भन्नुभयो, "पुस्ताले परम्परागत सीप सिक्न मान्दैनन्, हाम्रो पालामा कपडाको अभाव थियो, अभावले ऊनको कपडा बनाएर लगाउन सिकायो। अहिले बजारमा आधुनिक कपडा पाउँछ, त्यही भएर युवापुस्ता सीप सिक्न चाहदैनन्। अहिले यहाँबाट विदेश गएकाले फोन गरेर मलाई काम्लो, हापदुला चाहियो पठाइदिनुस् भन्छन्।"

तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलालबुढा मगरले ऊनका कपडा बनाउनका लागि किसानलाई आधुनिक प्रविधिसँग जोड्ने योजना बनाइएको बताउनुभयो। तमानखोलाका अधिकांश किसानले भेडापालन गर्दै आएको भन्दै किसानलाई आधुनिक उपकरणसहित आधसनिक सीप सिकाउने योजनामा पालिका रहेको उहाँले जानकारी दिनुभयो।

किसानलाई भेडापालनतर्फ आकर्षित गर्ने र आयआर्जनसँग जोड्ने गरी योजनाबद्ध रूपमा काम गरिरहेको अध्यक्ष बुढा मगर बताउनुभयो।

# मिस मगर नेपालको ग्राण्ड फिनाले शनिबार

**पोखरापत्र संवाददाता**
पोखरा, २० भदौं

निट डेन्टल केयर प्रिजेन्ट्स सातौं मिस मगर नेपाल-२०२४ को ग्राण्ड फिनालेमा चलचित्र खुस्माका नायक तथा नायिका आउने भएका छन्।

पोखरा १७ स्थित होटल ग्राण्डमा यही शनिबार (२२ गते) हुने फिनालेमा नायक धिरज मगर र नायिका उपासना सिंह ठकुरी सहभागि हुने टिम संयोजक प्रियंका गर्बुजामगरले जानकारी दिइन्। उनका अनुसार उक्त दिन उनीहरुले रुकुमको मैकोटमा निर्माण भएको चलचित्र खुस्माको प्रचारप्रसार गर्नेछन्।

अशोक थापामगरले निर्माण गरेको सो चलचित्रलाई असोज ३ गतेदेखि प्रर्दशनमा ल्याउने तयारी छ। उक्त कार्यक्रममा मिस मगर नेपालका अन्तिम ११ प्रतिस्पर्धीमध्येबाट एक जनाले ताज जित्नेछिन्। अहिले प्रतियोगीहरु अन्तिम प्रशिक्षणमा छन्। एसटी क्रियसन म्यानेजमेन्टको आयोजना तथा नेपाल मगर संघ कास्कीको संरक्षकत्वमा आयोजना हुने कार्यक्रमको तयारी अन्तिम चरणमा पुगेको निर्देशक सुरज थापाले जानकारी दिए। उनका अनुसार कार्यक्रम ग्राण्ड होटलमा यही २२ गते शनिबार दिउँसो २ बजेबाट शुभारम्भ हुनेछ।

यसैगरी अन्तिम प्रतिस्पर्धीहरुले करिब १ महिनासम्म सिकेका कुराहरुलाई ग्राण्ड फिनालेमा प्रस्तुत गर्दैछन्। त्यसैको आधारमा मिस मगर नेपाल चुनिनेछ। सुस्मिता पुनमगर, विनु रानामगर, दिवा पाइजामगर, कविता थापामगर, दिक्षा थापामगर र उमा पुनमगरको कोरियोग्राफी रहने मिस मगर नेपाल २०२४ को अन्तिम प्रतिस्पर्धीका रुपमा दिपिका आलेमगर (रामेछाप) आशिका गर्बुजामगर (बेगखोला, म्याग्दी), अनुजा पुनमगर (तंग्राम, बाग्लुङ) नरिशा पुनमगर (मुदी, म्याग्दी), सरिता थापामगर (मन्थली, रामेछाप), माया दर्लामीमगर (वालिङ, स्याङ्जा), रश्मि आलेमगर (गौशाला, महोत्तरी), जानकी राजकोटीमगर (बर्दीबास, महोत्तरी), अश्मिता बुढामगर (जेल्बाङ, रोल्पा), कृष्टीना पुनमगर (दग्नाम, म्याग्दी) र जेरुशा सारुमगर (काठमाण्डौं) रहेका छन्।


## डिस्चार्ज सर्टिफिकेट हराएको सूचना

**इन्डियन आर्मी रत्न बहादुर पुनको** Indian Army **को पेन्सन निस्कँदाको अवस्थाको डिस्चार्ज सर्टिफिकेट उहाँको जीवनकालमा नै हराएको जानकारी गराईन्छ।**

Name : Ratna Bahadur Pun
Indian Army No.: 5335443 3/4GR
TS No : 37417
PPO No: S/16439/75
Rank : Naik Reg No: 5335443
**ठेगाना : पोखरा-१७, कास्की**
**सम्पर्क नं. :** 9824116249


# ढोरपाटनको नवी गाउँमा जग्गा चक्लाबन्दी गरि स्याउखेती

**डम्मर बुढा मगर**
बागलुङ, २० भदौं /रासस

बागलुङको ढोरपाटन नगरपालिका-९ नवी गाउँमा जग्गा चक्लाबन्दी गरि स्याउखेती सुरु गरिएको छ।

परम्परागत रुपमा खेती गरिँदै आएको स्याउले राम्रो उत्पादन नदिएपछि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना एकाइ बागलुङको सहयोगमा गत वर्षदेखि आधुनिक प्रविधिको प्रयोग गरि खेती गर्न थालिएको हो। ढोरपाटनमा वर्षौं अगाडिदेखि नै स्याउखेती गर्दै आए पनि अपेक्षित रुपमा उत्पादन हुन सकेको थिएन। आर्थिक वर्ष २०८०/८१ मा नवी गाउँको दुई सय ८० रोपनी जमिन चक्लाबन्दी गरि स्याउ लगाइएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना एकाइ बागलुङका प्रमुख नारायण पौडेलले जानकारी दिनुभयो। मुस्ताङको मार्फादेखि चार हजार दुई सय बिरुवा लिएर लगाएको उहाँको भनाइ छ।

ढोरपाटनमा राम्रो स्याउ उत्पादन हुने हावा, पानी र माटो भएको हुँदा लगानी गरेको प्रमुख पौडेल बताउनुहुन्छ। लगाइएको स्याउका बिरुवाले चार वर्षमा उत्पादन दिने भएपछि किसान पनि खुसी भएको उहाँको भनाइ छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको रु १७ लाख अनुदान र किसानको रु नौ लाख लगानीमा स्याउखेती गरिएको हो। यस गाउँमा रेड डेलिसियस, गोल्डेन डेलिसियस, रोयल डेलिसियस जातका स्याउका बिरुवा लगाएको पौडेलले जानकारी दिनुभयो।

यस वर्ष पनि उक्त स्याउका बिरुवा राम्रोसँग हुर्काउनका लागि किसानलाई तालिमसहितका कार्यक्रम सञ्चालन गरिने उहाँ बताउनुहुन्छ। नवी गाउँको तल्लो बिजउले कृषक समूह र नवी प्रगतिशील कृषक समूहमार्फत किसानलाई जोडेर स्याउखेती थालिएको पौडलको भनाइ छ। उहाँले भन्नुभयो, "नवी गाउँमा पहिलेदेखि रैथाने जातका स्याउखेती गर्दै आउनुभएको रैछ, किसानहरुले राम्रो स्याहार सुसार र काँटछाँट नगर्दा उत्पादन राम्रो हुन सकेको थिएन, गत आर्थिक वर्षमा हामीहरुले किसानलाई नयाँ जातका स्याउका बिरुवा लिएर उत्पादन गर्न लगाएका छौं, आवश्यक अनुदान र प्राविधिक सहयोग पनि गरिरहेका छौं, यो स्याउले अबको दुई/तीन वर्षमै उत्पादन दिन्छ, किसानले बिरुवा हुर्काउन सके धेरै लाभ लिनसक्ने छन्।"

नवी गाउँका किसान नन्दे सुनारले यस क्षेत्रमा आफूहरुले झण्डै दुई दशक अगाडिदेखि स्याउखेती गर्दै आएको जनाउँदै राम्रो लाभ भने लिन नसकेको बताउनुभयो। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले ठूलो लगानी गरेर गाउँमा स्याउखेती गर्न प्रेरित गर्दा किसान उत्साहित भएको उहाँको भनाइ छ। ढोरपाटन आलु र स्याउका लागि प्रख्यात मानिँदै आए पनि किसानहरुमा प्राविधिक ज्ञान नहुँदा उत्पादन बढाउन नसकेको सुनार बताउनुहुन्छ। "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट यति ठूलो सहयोग पाउँदा हामीहरु धेरै खुसी भएका छौं, पहिले बारीहरु खाली हुन्थे, अव्यवस्थित थिए, अहिले चक्लाबन्दी गरेर स्याउ लगाएपछि बाँझो जग्गा पनि प्रयोगमा आएको छ", सुनारले भन्नुभयो, "स्याउका बिरुवा पनि राम्रोसँग बढ्दै छन्, केही पानी र मलको कमी हुँदा मरे, तर धेरैजसो राम्रो तरिकाले हुर्किँदै गएका छन्, यि बिरुवाहरुले फल दिन थालेपछि धेरै किसानको आयआजर्नमा वृद्धि हुने अपेक्षा गरेका छौं।"

स्थानीय झकेन्द्र सुनारले अहिले गाउँका धेरै किसानले व्यावसायिक रुपमा स्याउखेती तर्फ चासो दिएको बताउनुभयो। गाउँमा रहेका कृषि समूहमार्फत धेरै स्थानीयलाई जोडेर स्याउखेतीमा लागेको उहाँको भनाइ छ। अहिले पनि नवी गाउँका बारीमा थुप्रै स्याउका बोट रहे पनि ती बोटमा निकै साना आकारमा फल फल्ने र मीठोसमेत नहुने सुनार बताउनुहुन्छ।